बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# सामाजिक विकास कार्यालय
हेटौंडा, नेपाल

## तालिम कार्यक्रमको सिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हानको सूचना

(प्रकाशित मिति २०८२/११/१२)

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, सामाजिक विकास कार्यालय, हेटौंडा नेपालबाट आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार श्रमबजारको माग अनुसार उच्च सम्भाव्यता भएको क्षेत्रमा सीपमूलक तालिम सञ्चालन गर्नको लागि मिति २०८२/१०/०६ गते आशयपत्र नं. **SDO-Makawanpur-SBT-1/082/083** मार्फत तालिम प्रदायक फर्म, कम्पनी वा संस्थाहरूसँग सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली **e-GP System** को माध्यमबाट परामर्श सेवा खरिदका लागि आशयपत्र **(EOI)** माग गरिएकोमा निर्धारित समयभित्र पेश हुन आएका आशयपत्रहरूको मुल्याङ्कन समितिको मिति २०८२/११/०१ गतेको निर्णयानुसार मिति २०८२/११/११ गते प्रकाशित संक्षिप्त सूचीमा सूचीकृत सम्बन्धी संशोधन सूचना अनुसार सूचीकृत भएका फर्म, कम्पनी वा संस्थाहरूलाई प्राविधिक तथा आर्थिक प्रस्ताव **(RFP)** विषयगत रुपमा बेग्लाबेग्लै खाममा स्पष्ट लेखी सिलबन्दी गरी दुवै प्रस्तावको अर्को खाममा सिलबन्दी गरी मिति २०८२/१२/१२ गते दिनको १२:०० बजे भित्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**सञ्चालन हुने तालिमको विषयहरू**

| क्र.सं. | तालिमको क्षेत्र | विषयहरु | अवधी | कुल संख्या (जना) | बजेट रु.(000) | स्थान |
|---|---|---|---|---|---|---|
| १ | सेवा क्षेत्र | केश श्रृंगार तथा सौन्दर्य | ३९० घण्टा | ६० | | चितवन |
| २ | होटल तथा पर्यटन क्षेत्र | कमी III (कुक) | ३९० घण्टा | ४० | | मकवानपुर |
| | | बारिष्टा | ३९० घण्टा | ६० | | मकवानपुर |
| ३ | होजियारी तथा तयारी पोशाक क्षेत्र | गलैंचा बुनाई | ३९० घण्टा | ४० | | सिन्धुली |

**संस्था, फर्म वा कम्पनीहरूले पालना गर्नु पर्ने सर्त तथा नियमहरू:**

१. प्राविधिक तथा आर्थिक प्रस्ताव यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र कार्यालयमा दर्ता गर्नको लागि सम्बन्धित फर्म कम्पनीको निवेदन सहित अध्यावधिक गरिएको इजाजत पत्र, मू.अ. करको प्रमाण पत्र र आ.व. २०८१/०८२ को कर चूक्ता वा नविकृत कर चूक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी अनिवार्य रुपमा पेश गर्नु पर्ने छ । सोहि दिनको २:०० बजे प्राप्त प्रस्तावहरूमा प्राविधिक प्रस्ताव खोलिने छ । प्रस्ताव दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट सोहि समयमा उक्त कार्यहरू गरिनेछ ।

२. प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्ने संस्था, फर्म वा कम्पनीहरूले सूचीकृत भएको २ वटा विषयहरूमा ६ वटा समुहसम्म (२० जनासम्मको एक समुह) प्रस्ताव पेश गर्न पाउने छ ।

३. प्राविधिक प्रस्तावहरुको मूल्याङ्कनबाट छनौट भएका आर्थिक प्रस्तावहरू प्रस्तावदाता वा निजको प्रतिनिधि तथा यस कार्यालयको प्रतिनिधिको रोहवरमा खोलिने छ ।

४. परामर्शदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि प्रस्तावहरु खोल्न बाधा पर्ने छैन ।

५. रित नपूगेको वा म्याद भित्र दर्ता नभएका र कुनै प्रकारका शर्तहरू भएका प्रस्तावहरू उपर कुनै कारवाही गरिने छैन ।

६. आर्थिक प्रस्तावहरुमा दररेट अङ्क र अक्षरमा स्पष्ट लेखिनु पर्नेछ । अङ्क र अक्षर फरक भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ ।

७. प्रस्तावमा उल्लेख भएका कुराहरू सोहि बमोजिम र अन्य थप कुराहरू सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ ।

८. प्राप्त प्रस्तावहरू स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुने छ ।

९. सूचनाको विस्तृत जानकारी र प्राविधिक तथा आर्थिक प्रस्तावको लागि यस कार्यालयको **Website: sdohetauda.bagamati.gov.np** मा हेर्न सकिनेछ । थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नं. ९८४५१०२९९७ मा सम्पर्क गर्न सकिनेछ ।

११/१२
कार्यालय प्रमुख